## नेचासल्यान गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि,२०८१

कार्यपालिकाको वैठकबाट स्वीकृत मितिः २०८१/०८/१३

**प्रस्तावनाः**

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० बमोजिम नेचासल्यान गाउँपालिका, गाउँ कार्यपालिकाले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तहबृद्धि तथा बढुवा सम्बन्धि कामकाजलाई ब्यवस्थित गर्न बाञ्छनिय भएकोले ,

स्थानीय सरकारी सेवा (गठन तथ सञ्चालन) ऐन,२०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी नेचासल्यान गाउँपालिकाले यो कार्यविधि बनाई स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"नेचासल्यान गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"ऐन"** भन्नाले स्थानीय सरकारी सेवाको (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ ।

(ख) **"कर्मचारी"** भन्नाले नेचासल्यान गाउँपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ। सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम नेचासल्यान गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नेचासल्यानमा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ।

(ग) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनुपर्छ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नेचासल्यान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) **"गाउँपालिका"** भन्नाले नेचासल्यान गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) **"कार्यालय"** भन्नाले नेचासल्यान गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) **"गाउँ कार्यपालिका"** भन्नाले नेचासल्यान गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

विशाल घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(ज) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ।

(झ) **"परामर्श"** भन्नाले प्रदेश लोक सेवा आयोगले स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० र प्रदेश लोक सेवा आयोग ऐन, बमोजिम प्रदेश लोक सेवा आयोग कोशी प्रदेश, विराटनगर, नेपालले उपलब्ध गराएको परामर्श सम्झनु पर्दछ।

(ञ) **"तह वृद्धि"** भन्नाले ऐनमा व्यावस्था भए बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(ट) **"निकाय"** भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित गाउँपालिका अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(ठ) **"प्रदेश कितावखाना"** भन्नाले कोशी प्रदेशमा स्थापित प्रदेश कितावखाना सम्झनु पर्दछ।

३. **<u>सूचना प्रकाशन गर्नेः</u>**

(१) यो कार्यविधि बमोजिम यस कार्यालयमा कार्यरत स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि कार्यालयले प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनामा सम्भाव्य उम्मेदवारहरुका लागि ३० दिने म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटी र गाउँपालिकाको वेभसाइटमा प्रकाशन गरिनेछ।

४. **<u>निवेदन दिनु पर्नेः</u>**

कार्यविधिको दफा (६) र (७) बमोजिम तह वृद्धि हुन योग्यता पूरा गरेका स्थायी कर्माचरीले दफा ३ मा तोकिएको म्यादभित्र कार्यालयमा देहायका कागजातहरु सहित तह वृद्धिको लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/तह कायम/बढुवा नियुक्तिको प्रतिलिपि,

ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

घ) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

विशाल घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

ङ) पेश सम्बन्धी व्यावसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि, (आवश्यक हुनेको हकमा मात्र)

च) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

छ) कार्यविधिको दफा (५) वमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु।

५. <u>सिफारिस समितिः</u>

(१) ऐन वमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्ने देहाय वमोजिमको गाउँ कार्यपालिकाले तोकेको सिफारिस समिति रहेनछ।

क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख) कार्यपालिकाले तोकेका एक जना महिला सहित दुई जना वरिष्ठ कर्मचारी -सदस्य

(२) सिफारिस समितिको वैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै द्विधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा (३८) वमोजिमको बढुवा समितिले निर्णय गरे वमोजिम हुनेछ।

६ <u>आवश्यक न्युनतम शैक्षिक योग्यता र सेवा अवधी सम्बन्धी ब्यवस्थाः</u>

(१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पूरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई समबन्धित सेवा समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ।

(२) दफा (१) वमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन।तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ।

विशाल घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

नेचासल्यान गाउँपालिकाको कार्यालय
नेचावेतघारी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

**७ तहबृद्धि सम्बन्धी विशेष ब्यवस्थाः**

(१) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यावस्थाः कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिनेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहको सहायक चौथो र पाचौं तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोहि पदमा कार्यरत रहेका हालसम्म तीन वर्ष सेवा अवधि पुरा भएमा स्वतःएक तह वृद्धि हुनेछ। निजहरु जनुसुकै व्यहोराले आवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपुर्ति गरिनेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ।

**८. ज्येष्ठता सम्बन्धि ब्यवस्थाः**

(१) ऐन वमोजिम तह वृद्धि प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ।

(२) उपदफा (१) वमोजिम जेष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।

(३) लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा छैटौ तहमा नियुक्ति भई ऐन वमोजिम सातौं तह मिलान भएका कर्मचारीको जेष्ठता नियुक्ति मितिदेखि नै गणना गरिनेछ।

विशाल घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

(४) यस कार्यविधिको दफा (६) र (७) वमोजिम तह वृद्धि हुने कर्मचारीको प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ।

९. **बाधा अडकाउ फूकाउने सम्बन्धि ब्यवस्था:**

(१) यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै द्धिविधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहेनेछ।

१०. **तहबृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कर्मचारीलाई देहायको अवस्थामा देहायको अवधिभर यस कार्यविधिको दफा (५) को उपदफा (१) वमोजिमको समितिले तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

क. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख. तह वृद्धि रोक्का भएकोमा तह वृद्धि रोक्का भएको अवधिभर,

ग. तलव वृद्धि रोक्का भएकोमा तलववृद्धि रोक्का भएको अवधिभर

घ. ऐनको दफा रोक्का भएकोमा तह वृद्धि रोक्का भएको अवधिभर (४१) वमोजिम सेवा वा समूह परिवर्तन गरेको भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर,

ङ. असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

च. स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

११. **तह वृद्धि गर्नुपर्नेः**

कानून वमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिको लागि यस कार्यविधिको दफा (५) को उपदफा (१) वमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धिका लागि सिफारिस गरिसक्नु पर्नेछ।र सो सिफारिस प्राप्त भएको ७ (सात) दिन भित्र यस कार्यविधिको दफा (६) तथा कार्यविधिको दफा (७) मा गरिएको विशेष व्यावस्था वमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको माघ र श्रावण महिनामा प्राप्त सिफारिसको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियमानुसार अनुसूची-२ वमोजिमको ढाँचामा तह वृद्धि पत्र दिनु पर्नेछ। सो प्रयोजनको लागि कम्तिमा एक महिना अगावै कार्यपालिकाको कार्यालयले आफ्नो वेभसाइटमा सूचना प्रकाशन गर्नुपर्नेछ।

विशाल घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

१२. **सार्वजनिक गर्नुपर्ने:** तह वृद्धि भएका कर्मचारीहरुको विवरण गाउँ कार्यपालिकाको कार्यालयले आफ्नो सूचना पाटी र वेभसाइटमा राख्ने व्यावस्था मिलाउनेछ।

१३. **तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधाः-** यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलव भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

१४. **सचिवालयः** तह वृद्धि सम्बन्धी कार्यमा गाउ कार्यपालिकाको कार्यालयको प्रशासन शाखाले सचिवालयको काम गर्नेछ।

१५. **जानकारी दिनु पर्ने:** यस कार्यविधि वमोजिम तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ (पन्ध्र) दिन भित्र मन्त्रालय, प्रदेश कितावखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ।

१६. **उजुरी/गुनासोः** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा प्रदेश लोक सेवा आयोगमा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र उजुरी/गुनासो गर्न सकिनेछ।

१७. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि वमोजिम र अन्य विषयको हकमा प्रचलित कानून वमोजिम हुनेछ।

१८. **खारेजी र बचाउः** यस अघि नेचासल्यान गाउँपालिकाबाट जारी भएको "नेचासल्यान गाउँपालिकाको स्थानीय सेवा तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि,२०८०" खारेज गर्ने र उक्त कार्यविधि वमोजिम भए गरेका कामकार्वाहिहरु यसै कार्यविधि वमोजिम भएको मानिनेछ।

आज्ञाले
विशाल घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

विशाल घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

कार्यविधिको दफा ४ को सँग सम्बन्धित

**तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति: ..........

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
नेचासल्यान गाउँ कार्यपालिकाको कार्यालय, नेचाबेतघारी, सोलुखुम्बु ।

विषयः- **तह वृद्धि गरी पाउँ।**

प्रस्तुत विषयमा यस कार्यालयको तह वृद्धि सम्बन्धी मिति ..............गते प्रकाशित सूचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु।

**निवेदनका साथ पेश गरेका कागजातहरु**

क. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
ख. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/तह कायम/बढुवा नियुक्तिको प्रतिलिपि,
ग. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
घ. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,
ङ. पेश सम्बन्धी व्यावसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि, (आवश्यक हुनेको हकमा मात्र)
च. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
छ. कार्यविधिको दफा (५) वमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु।

निवेदक

कर्मचारीको नाम/थरः- ...........
संकेत नं.:- ............
समायोजन मितिः- .............
हालको पद र तहः- ..........
समुहः- .................

अनुसूची -२
कार्यविधिको दफा ११ सॅग सम्बन्धित
(तह वृद्धि सम्बन्धी पत्रको निवेदनको ढाँचा)

मिति-
ने.सं.

**विषय- तह वृद्धि गरिएको सम्बन्धमा ।**

महाशय,

तपाईलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० र नेचासल्यान गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१ को दफा ११ वमोजिम गाउँ कार्यपालिकाको मिति................गतेको तह वृद्धि सम्बन्धी निर्णय अनुसार मिति .................देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सरकारी सेवामा तपसिल वमोजिम तह वृद्धि गरिएको छ।

तह वृद्धि हुनभएकोमा हार्दिक बधाई तथा शुभकामना। तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकार प्रति कर्तव्यनिष्ठ भई प्रचलिन ऐन, कानूनको परिधिमा रहेर पारदर्शी, निष्पक्ष, अनुशासित भई सकरात्मक सोच र उर्जाका साथ कार्य सम्पादन गर्नुहनेछ भन्ने अपेक्षा लिएको छु।

तपसिलः

| हालको विवरण | तहबृद्धि भएको विवरण |
|---|---|
| पदः<br>सेवा/समूहः<br>तहः<br>कार्यालयः | पदः<br>सेवा/समूहः<br>तहः<br>कार्यालयः |

श्री .....................
कर्मचारी संकेत नं. ......

प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थ-</u>

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर नेपाल ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगर नेपाल ।
श्री प्रदेश कितावखाना, कोशी प्रदेश विराटनगर नेपाल ।
श्री कर्मचारी सञ्चयकोष, विराटनगर।
श्री नागरिक लगानी कोष, विराटनगर ।
श्री आर्थिक प्रशासन शाखा, नेचासल्यान गाउँपालिका, सोलुखुम्बु ।